| १० | १४८७५/०७८-७९ | सहायक कम्प्युटर अपरेटर, विविध | खुला | - | १ (एक) | १ (एक) |
| ११ | १४८७६/०७८-७९ | सहायक कम्प्युटर अपरेटर, विविध | महिला | - | १ (एक) | १ (एक) |

## (ठ) लोक सेवा आयोग, जुम्ला कार्यालय

| क्र.सं. | विज्ञापन नम्बर | पद, सेवा, समूह, उपसमूह | आ.प्र., खुला तथा समावेशी | पुनः विज्ञापन पद संख्या | मागपद संख्या | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | १५४०१/०७८-७९ | अमिन, इन्जि., सर्भे | खुला | - | १ (एक) | १ (एक) |
| २ | १५४०२/०७८-७९ | अमिन, इन्जि., सर्भे | आ.ज. | - | १ (एक) | १ (एक) |
| ३ | १५४०३/०७८-७९ | सिनियर गेम स्काउट, वन, ने.पा.एण्ड वा.ला. | आ.प्र. | - | १ (एक) | १ (एक) |
| ४ | १५४०४/०७८-७९ | सहायक कम्प्युटर अपरेटर, विविध | आ.प्र. | - | १ (एक) | १ (एक) |
| ५ | १५४०५/०७८-७९ | सहायक कम्प्युटर अपरेटर, विविध | खुला | - | १ (एक) | १ (एक) |
| ६ | १५४०६/०७८-७९ | सहायक कम्प्युटर अपरेटर, विविध | मधेसी | - | १ (एक) | १ (एक) |
| ७ | १५४०७/०७८-७९ | अ.हे.व., स्वास्थ्य, हेल्थ इन्स्पेक्सन, चौथो तह | मधेसी | - | १ (एक) | १ (एक) |

## (ड) लोक सेवा आयोग, दिपायल कार्यालय

| क्र.सं. | विज्ञापन नम्बर | पद, सेवा, समूह, उपसमूह | आ.प्र., खुला तथा समावेशी | पुनः विज्ञापन पद संख्या | मागपद संख्या | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | १५८२४/०७८-७९ | अमिन, इन्जि., सर्भे | आ.प्र. | - | १ (एक) | १ (एक) |
| २ | १५८२५/०७८-७९ | अमिन, इन्जि., सर्भे | खुला | - | २ (दुई) | २ (दुई) |
| ३ | १५८२६/०७८-७९ | अमिन, इन्जि., सर्भे | महिला | - | १ (एक) | १ (एक) |
| ४ | १५८२७/०७८-७९ | अमिन, इन्जि., सर्भे | आ.ज. | - | १ (एक) | १ (एक) |
| ५ | १५८२८/०७८-७९ | अमिन, इन्जि., सर्भे | मधेसी | - | १ (एक) | १ (एक) |
| ६ | १५८२९/०७८-७९ | सहायक कम्प्युटर अपरेटर, विविध | खुला | - | १ (एक) | १ (एक) |
| ७ | १५८३०/०७८-७९ | सहायक कम्प्युटर अपरेटर, विविध | आ.ज. | - | १ (एक) | १ (एक) |

**(ढ) लोक सेवा आयोग, महेन्द्रनगर कार्यालय**

| क्र.सं. | विज्ञापन नम्बर | पद, सेवा, समूह, उपसमूह | आ.प्र., खुला तथा समावेशी | पुनः विज्ञापन पद संख्या | मागपद संख्या | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | १६३५१/०७८-७९ | गणक, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | खुला | - | १ (एक) | १ (एक) |
| २ | १६३५२/०७८-७९ | गणक, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | दलित | - | १ (एक) | १ (एक) |
| ३ | १६३५३/०७८-७९ | मेकानिक्स, इञ्जि., मेकानिकल, नि.उ.स. | आ.प्र. | - | १ (एक) | १ (एक) |
| ४ | १६३५४/०७८-७९ | मेकानिक्स, इञ्जि., मेकानिकल, नि.उ.स. | खुला | - | २ (दुई) | २ (दुई) |
| ५ | १६३५५/०७८-७९ | मेकानिक्स, इञ्जि., मेकानिकल, नि.उ.स. | महिला | - | १ (एक) | १ (एक) |
| ६ | १६३५६/०७८-७९ | अपरेटर, इञ्जि., मेकानिकल, नि.उ.स. | आ.प्र. | - | १ (एक) | १ (एक) |
| ७ | १६३५७/०७८-७९ | अपरेटर, इञ्जि., मेकानिकल, नि.उ.स. | खुला | - | २ (दुई) | २ (दुई) |
| ८ | १६३५८/०७८-७९ | अपरेटर, इञ्जि., मेकानिकल, नि.उ.स. | महिला | - | १ (एक) | १ (एक) |
| ९ | १६३५९/०७८-७९ | अमिन, इञ्जि., सर्भे | आ.प्र. | - | २ (दुई) | २ (दुई) |
| १० | १६३६०/०७८-७९ | अमिन, इञ्जि., सर्भे | खुला | - | ३ (तीन) | ३ (तीन) |
| ११ | १६३६१/०७८-७९ | अमिन, इञ्जि., सर्भे | महिला | - | १ (एक) | १ (एक) |
| १२ | १६३६२/०७८-७९ | अमिन, इञ्जि., सर्भे | आ.ज. | - | १ (एक) | १ (एक) |
| १३ | १६३६३/०७८-७९ | अमिन, इञ्जि., सर्भे | मधेसी | - | १ (एक) | १ (एक) |
| १४ | १६३६४/०७८-७९ | अमिन, इञ्जि., सर्भे | दलित | - | १ (एक) | १ (एक) |
| १५ | १६३६५/०७८-७९ | नायब पशु सेवा प्राविधिक, कृषि, ला.पो. एण्ड डे.डे. | खुला | - | १ (एक) | १ (एक) |
| १६ | १६३६६/०७८-७९ | सिनियर गेम स्काउट, वन, ने.पा.एण्ड वा.ला. | मधेसी | - | १ (एक) | १ (एक) |
| १७ | १६३६७/०७८-७९ | सहायक कम्प्युटर अपरेटर, विविध | आ.प्र. | - | २ (दुई) | २ (दुई) |
| १८ | १६३६८/०७८-७९ | सहायक कम्प्युटर अपरेटर, विविध | खुला | - | ४ (चार) | ४ (चार) |
| १९ | १६३६९/०७८-७९ | सहायक कम्प्युटर अपरेटर, विविध | महिला | - | १ (एक) | १ (एक) |
| २० | १६३७०/०७८-७९ | सहायक कम्प्युटर अपरेटर, विविध | आ.ज. | - | १ (एक) | १ (एक) |
| २१ | १६३७१/०७८-७९ | सहायक कम्प्युटर अपरेटर, विविध | दलित | - | १ (एक) | १ (एक) |
| २२ | १६३७२/०७८-७९ | अ.हे.व., स्वास्थ्य, हेल्थ इन्स्पेक्सन, चौथो तह | खुला | - | १ (एक) | १ (एक) |

**परीक्षाको किसिमः-** लिखित/कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता ।

**परीक्षा मितिः-** पछि प्रकाशन गरिनेछ ।

**परीक्षा केन्द्रः-** विज्ञापनसँग सम्बन्धित आयोगका धनकुटा, इलाम, खोटाङ, जलेश्वर, काठमाडौं, हेटौंडा, पोखरा, बाग्लुङ, बुटवल, दाङ, सुर्खेत, जुम्ला, दिपायल र महेन्द्रनगर कार्यालयहरु । **साथै लोक सेवा आयोग जलेश्वर कार्यालयबाट विज्ञापन हुने पदको परीक्षा केन्द्र सिराहा जिल्लाको लाहान र पर्सा जिल्लाको वीरगञ्जमा, लोक सेवा आयोग, सुर्खेत कार्यालयबाट विज्ञापन हुने पदको परीक्षा केन्द्र हुम्ला जिल्लाको सदरमुकाममा तथा लोक सेवा आयोग, जुम्ला कार्यालयबाट विज्ञापन हुने पदको परीक्षा केन्द्र डोल्पा जिल्लाको सदरमुकाममा समेत कायम गरी परीक्षा संचालन गरिनेछ ।**

**दरखास्त दस्तुरः-** प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु. ३००।- (तीन सय) बुझाउनु पर्नेछ । समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि रु. १५०।- (एक सय पचास) थप दस्तुर बुझाउनु पर्नेछ । साथै उम्मेदवारले छनौट गरेको सेवा/समूहको क्लष्टरका आधारमा एक भन्दा बढी क्लष्टर प्रत्येकका लागि थप रु १५० ।- (एक सय पचास) का दरले परीक्षा दस्तुर बुझाउनु पर्नेछ ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थान :-** आयोगको अनलाईन दरखास्त प्रणालीबाट फर्म submit गरेपछि Payment Tab को view applied advertisement मा Click गरी आफूले Apply गरेको list मा रहेको "तिर्नुहोस्" Link मा Click गर्ने । त्यसपछि देखिने शर्त मञ्जुर गर्ने Check Box मा Tick लगाउने । त्यसपछि देखिने **राष्ट्रिय वाणिज्य बैंक/ग्लोबल आई.एम.ई. बैंक/एन.आइ.सी. एशिया बैंक/कुमारी बैंक** मध्ये आफूलाई पायक पर्ने कुनै एक बैंकमा क्लिक गर्नु पर्नेछ। सो पश्चात् अनलाइन वा बैंक भौचर मध्ये आफूले भुक्तानी गर्ने माध्यम (Online वा बैंक भौचर) मध्ये कुनै एक Options छनौट गरिसकेपछि तलका विकल्पहरुबाट दरखास्त दस्तुर बुझाउन सकिनेछ ।

**बैंक भौचर मार्फत दरखास्त दस्तुर बुझाउने विधि :** बैंक भौचरबाट भुक्तानी गर्न दिइएको check box मा Tick लगाइ activate हुने print button मा click गरी भौचर Print गरेर उक्त बैंकको नजिकको शाखामा गई भौचर पेश गरी रकम बुझाउन सकिन्छ। उक्त भौचर विना बैंकहरुले नगद नबुझ्ने भएकोले अनिवार्य रुपमा भौचर प्रिन्ट गरी साथै लिइ जानुपर्नेछ। उल्लेखित बैङ्कहरुका नेपाल भरिका सबै शाखाहरुबाट नगद बुझाउन सकिने छ।

**अनलाइन मार्फत दरखास्त दस्तुर बुझाउने विधि :** अनलाइन विधिबाट भुक्तानी गर्न दिइएको Option छनौट गरिसकेपछि Connect IPS प्रणालीमा login गरी आफ्नो बैंक खाता छानी सोझै दस्तुर बुझाउन सकिनेछ । Connect IPS को सेवा प्रयोग गर्नु पूर्व एक पटक www.connectips.com मा गई Sign Up गर्नका साथै उक्त प्रणालीसँग जोडिएका बैंकहरुमध्ये आफ्नो खाता रहेको बैंकको खातालाई link गरी सो बैंकबाट verify गराइएको हुनुपर्नेछ ।

**दरखास्त दस्तुर बुझाउने अवधि :-** अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि उम्मेदवारले प्राप्त गरेको Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको भौचर सहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समय भित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ ।

**अपलोड गर्नुपर्ने कागजातहरुः-** **उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, व्यवसाय अनुमति प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा** PDF Format मा **अपलोड गर्नु पर्नेछ । सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडिको भाग स्क्यान गरी** JPG Format मा **अपलोड गर्नु पर्नेछ । दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ ।**

**दरखास्त दिने अन्तिम मितिः-** २०७९/१/२० सम्म र दोब्बर दस्तुर तिरी २०७९/१/२७ सम्म ।

**उम्मेदवारको उमेरको हदः-**
- २०७९/१/२० सम्म १८ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गता भएका उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको ।
- स्वास्थ्य सेवा तर्फका पदहरुको हकमा २०७९/१/२० सम्म १८ वर्ष उमेर पुरा भै ४५ वर्ष ननाघेको ।
- वहालवाला स्थायी निजामती कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

**अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्बन्धी ।

**तलबः-** प्रचलित कानून बमोजिम ।

**सेवा सम्बन्धी मन्त्रालयः-** सेवा, समूह, उपसमूहको प्रशासन सञ्चालन गर्न तोकिएका सम्बन्धित मन्त्रालय ।

## आवश्यक न्यूनतम योग्यता

१. **आर्थिक योजना तथा तथ्याङ्क सेवा, तथ्याङ्क समूह, गणक पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित वा तथ्याङ्कशास्त्र विषय सहित प्रविणता प्रमाण-पत्र तह वा सो सरह उत्तीर्ण वा ऐच्छिक गणित विषय सहित एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा ३ महिनाको तालिम प्राप्त वा गणित विषय सहित एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा ६ महिनाको अनुभव प्राप्त ।

२. **इन्जि. सेवा, सिभिल समूह, स्यानिटरी उपसमूह, प्लम्बर पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी खानेपानी तथा सरसफाई विषयमा तालिम प्राप्त वा सम्बन्धित विषयमा २ वर्षको अनुभव प्राप्त ।

३. **इन्जि. सेवा, सिभिल समूह, हाइड्रोलोजी उपसमूह, नायब जल विज्ञान सहायक पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट टी.एस.एल.सी. वा एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा तालिम प्राप्त वा १ वर्षको अनुभव प्राप्त ।

४. **इन्जि. सेवा, मेकानिकल समूह, जनरल मेकानिकल उपसमूह, मेकानिक्स पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित इञ्जिनियरिङ्ग विषयमा टी.एस.एल.सी. वा सो सरह उत्तीर्ण ।

५. **इन्जि. सेवा, मेकानिकल समूह, नि.उ.स. उपसमूह, मेकानिक्स पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट टी.एस.एल.सी. (अटोमेकानिक्स वा जनरल मेकानिक्स) वा सो सरह उत्तीर्ण ।

६. **इन्जि. सेवा, मेकानिकल समूह, नि.उ.स. उपसमूह, अपरेटर पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट टी.एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी रोलर, टिपरट्रक, डोजर, लोडर, एक्साभेटर जस्ता मेसिनहरुमध्ये कुनै एक सञ्चालन गर्ने लाइसेन्स प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट आठ कक्षा वा सो सरह उत्तीर्ण गरी रोलर, टिपरट्रक, डोजर, लोडर, एक्साभेटर जस्ता निर्माण उपकरणहरुमध्ये कुनै दुई मेसिन चलाउने लाइसेन्स प्राप्त ।

७. **इन्जि. सेवा, मेकानिकल समूह, नि.उ.स. उपसमूह, इलेक्ट्रिसियन पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट टी.एस.एल.सी. (अटो इलेक्ट्रिकल वा जनरल इलेक्ट्रिकल) वा सो सरह उत्तीर्ण ।

८. **इन्जि. सेवा, मेट्रोलोजी समूह, सिनियर मिस्त्री पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी मेकानिकल विषयमा प्रमाणपत्र तह वा आई. एस्सी. वा सो सरह उत्तीर्ण ।

९. **इन्जि. सेवा, जियोलोजी समूह, जनरल जियोलोजी, सहायक स्याम्प्लर पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट टि.एस.एल. सी. वा एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा तालिम प्राप्त वा १ वर्षको अनुभव प्राप्त ।

१०. **इन्जि. सेवा, मेटेरियोलोजी समूह, नायब मौसम विज्ञान सहायक पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट टी.एस.एल.सी. वा एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयको तालिम वा एक वर्षको अनुभव प्राप्त ।

११. **इन्जि. सेवा, सर्भे समूह, अमिन पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिइ एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा कम्तीमा १ (एक) वर्षको तालिम प्राप्त गरेको । **तर सम्बत् २०६८ साल भदौ १२ गते सूचना प्रकाशित हुनु अघि इञ्जिनियरिङ्ग सेवा, सर्भे समूहमा बहाल रहेका कर्मचारीको हकमा त्यस्तो सेवा, समूहमा प्रवेश गर्दा तोकिएको शैक्षिक योग्यता नै न्यूनतम शैक्षिक योग्यता मानिनेछ ।**

१२. **इन्जि. सेवा, केमेष्ट्री समूह, नायब प्राविधिक सहायक पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट टी.एस.एल.सी. वा एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा तालिम प्राप्त वा एक वर्षको अनुभव प्राप्त ।

१३. **कृषि सेवा, बागवानी समूह, नायब प्राविधिक सहायक पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट देहायको उत्तीर्ण गरी एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टी.ए. (कृषि विज्ञान) तालिम प्राप्त वा कृषि विषय लिई टी.एस.एल.सी. उत्तीर्ण ।

१४. **कृषि सेवा, बाली संरक्षण समूह, नायब प्राविधिक सहायक पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट देहायको उत्तीर्ण गरी एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टी.ए. (कृषि विज्ञान) तालिम प्राप्त वा कृषि विषय लिई टी.एस.एल.सी. उत्तीर्ण ।

१५. **कृषि सेवा, ला.पो. एण्ड डे.डे. समूह, नायब पशु सेवा प्राविधिक पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टी.ए. (पशु विज्ञान, पशुपालन, पशु स्वास्थ्य) विषयमा तालिम प्राप्त वा कृषि (पशुपालन, पशु स्वास्थ्य) विषय लिई टी.एस.एल.सी. उत्तीर्ण ।

१६. **कृषि सेवा, भेटेरिनरी समूह, नायब पशु स्वास्थ्य प्राविधिक, पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टी.ए. पशु विज्ञान (पशुपालन, पशु स्वास्थ्य) तालिम प्राप्त वा कृषि (पशुपालन, पशु स्वास्थ्य) विषय लिई टी.एस.एल.सी. उत्तीर्ण ।
***नोटः*** *मिति २०६९।८।२५ को राजपत्रमा प्रकाशित कृषि सेवाको लागि माथि विभिन्न प्रकरणमा विभिन्न समूहहरुका विभिन्न श्रेणीहरुका लागि तोकिएको शैक्षिक योग्यता यो सूचना प्रकाशन हुनुभन्दा अगाडि सेवा प्रवेश गरेका निजामती कर्मचारीहरुको हकमा लागू हुने छैन र त्यस्ता निजामती कर्मचारीहरुको हकमा साविक नियममा उल्लेखित व्यवस्था अनुसार नै हुनेछ ।*

१७. **वन सेवा, बोटानी समूह, हेड फिल्ड असिष्टेण्ट पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी.वा सो सरह उत्तीर्ण ।

१८. **वन सेवा, नेशनल पार्कस एण्ड वाइल्ड लाइफ समूह, सिनियर गेम स्काउट पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण भई शारीरिक तन्दुरुस्त भएको र नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट वन सम्बन्धी तह २ को सीप परीक्षा उत्तीर्ण वा क्षेत्रीय वन तालिम केन्द्रबाट कम्तीमा तीस कार्यदिनको वन सम्बन्धी तालिम प्राप्त गरेको ।

१९. **विविध सेवा, सहायक कम्प्युटर अपरेटर पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई एस.एल.सी.वा सो सरह उत्तीर्ण । **वा** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी.वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तिमा ३ महिनाको कम्प्युटर तालिम प्राप्त **वा** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी विज्ञान तथा प्रविधि मन्त्रालयबाट Semi Skilled Man Power को लागि सञ्चालित तीन महिनाको कम्प्युटर तालिम प्राप्त ।

२०. **शिक्षा सेवा, मुद्रण समूह, मुद्रण व्यवस्थापन उपसमूह, मुद्रण सहायक पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा एस.इ.इ. उत्तीर्ण र कम्तिमा ३ महिनाको आधारभूत कम्प्युटर तालिम तथा मुद्रण (प्रेस) सम्बन्धी ६ महिनाको तालिम प्राप्त **वा** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा एस.इ.इ. उत्तीर्ण र कम्तिमा ३ महिनाको आधारभूत कम्प्युटर तालिम तथा मुद्रण (प्रेस) सम्बन्धी २ वर्षको अनुभव (pre-press, press, post press) प्राप्त ।

२१. **शिक्षा सेवा, पुरातत्व समूह, सहायक गाइड पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण र गाइड तालिम प्राप्त ।

२२. **संघीय संसद सेवा, शिक्षा तथा मुद्रण समूह, प्रेस टेक्निसियन पदको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा एस.इ.इ. (कम्तिमा GPA 2 प्राप्त) वा सो सरह उत्तीर्ण गरी अफसेट प्रेस सम्बन्धी विषयमा मान्यता प्राप्त संस्थाबाट ५ महिनाको तालिम प्राप्त वा अफसेट प्रेस सम्बन्धी २ बर्षको अनुभव प्राप्त गरेको ।

२३. **संघीय संसद सेवा, प्राविधिक समूह, सब इलेक्ट्रिकल ओभरसियर पदको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा एस.इ.इ. (कम्तिमा GPA 2 प्राप्त) वा सो सरह उत्तीर्ण गरी इलेक्ट्रिकल इन्जिनियरिङ्गमा सब ओभरसियर वा टि.एस.एल.. गरेको ।

२४. **स्वास्थ्य सेवा, हेल्थ इन्स्पेक्सन समूह, अ.हे.व. पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. वा सि.एम.ए. कोर्स उत्तीर्ण ।

२५. **स्वास्थ्य सेवा, पब्लिक हेल्थ नर्सिङ्ग समूह, अ.न.मी. पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्स उत्तीर्ण ।

२६. **स्वास्थ्य सेवा, मेडिकल रेकर्डस् समूह, जुनियर मेडिकल रेकर्डस् पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित र विज्ञान विषय लिई एस.एल.सी. उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तिमा ६ महिनाको तालिम प्राप्त ।

**नोट : ग्रेडिङ प्रणाली लागू भए पश्चात् एस.एल.सी. वा सो सरह परीक्षा उत्तीर्ण गर्ने उम्मेदवारहरुको हकमा GPA 2 वा सोभन्दा माथिको ग्रेड प्वाइण्ट प्राप्त गरेकोलाई न्यूनतम योग्यता पूरा भएको मानिनेछ ।**

**आन्तरिक प्रतियोगिताको लागि विशेष सूचना**

(क) आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदहरुमा राजपत्र अनंकित तृतीय श्रेणी र श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु सम्भाव्य उम्मेदवार हुन सक्नेछन् ।

(ख) राजपत्र अनंकित द्वितीय श्रेणीको पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता र निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (६) बमोजिम न्यूनतम सेवा अवधि (तीन वर्ष) पूरा गरेको हुनु पर्नेछ ।
(तर महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रमा स्थायी बसोबास भएका निजामती कर्मचारीहरुको उल्लेखित सेवा अवधिमा एक वर्ष कम भए पनि बढुवाको लागि सम्भाव्य उम्मेदवार हुनेछन् )

(ग) निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा १४क, संघीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ र स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिमको सेवामा कार्यरत आवश्यक न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुगेका सम्बन्धित कर्मचारीहरु उम्मेदवार हुन पाउनेछन् ।

(घ) निजामती सेवा ऐन, २०४९ को दफा १० बमोजिम उम्मेदवार हुनको लागि अयोग्यता नभएको हुनुपर्नेछ ।

(ङ) पहिलेको सेवा अवधिको गणना सम्बन्धमा निजामती सेवा नियमावली, २०५० को नियम १२३ बमोजिम हुनेछ । सो को लागि सेवा अवधि प्रमाणित भएको हुनुपर्नेछ ।

(च) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

(छ) अनलाईन दरखास्त फाराम भर्दा आफ्नो सेवा सम्बन्धी विवरण अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

**खुला तथा समावेशी परीक्षाको लागि सूचना**

१) निजामती सेवा ऐन, २०४९ को दफा १० तथा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

२) खुला र समावेशीतर्फको लिखित परीक्षा एकै सिटिङ्ग एकै मिति र समयमा हुनेछ । (प्रत्येक सेवा/समूह र खुला तथा समावेशी समूहको लागि छुट्टाछुट्टै परीक्षा दिनु पर्ने छैन ।)

३) खुला तथा समावेशीतर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा सबै सेवा, समूहको एकमुष्ट रुपमा प्रकाशन गरिनेछ ।

४) लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारले कम्प्युटर सीप परीक्षण, प्रयोगात्मक परीक्षा, शारीरिक परीक्षण तथा अन्तर्वार्तामा सम्मिलित हुनु अगाडि सेवा, समूह र कार्यालयहरुको प्राथमिकताक्रम अनिवार्य रुपले भर्नुपर्नेछ । सेवा, समूह तथा कार्यालयको प्राथमिकताक्रम नभर्ने उम्मेदवारलाई अन्तर्वार्तामा सहभागी गराइने छैन ।

५) समावेशी समूहतर्फ लिखित परीक्षावाट छनौट भएका उम्मेदवारहरुले समावेशी समूहको प्राथमिकताक्रम रोज्न पाउने छैनन् । उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरुको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ ।

६) खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताका लागि खुला र समावेशी तथा एकभन्दा बढी समावेशी समूहमा छनौट भएका उम्मेदवारलाई एक पटक मात्र कम्प्युटर सीप परीक्षण र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम निर्धारण हुनेछ । सीप परीक्षण र अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उत्तीर्ण भएको सबै समूह (खुला र समावेशी) मा गणना गरिनेछ ।

७) सबै चरणको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) र उम्मेदवारले रोजेको सेवा, समूह र कार्यालयहरुको प्राथमिकताक्रम (Priority Order) अनुसार नियुक्तिको लागि सिफारिश गरिनेछ ।

**समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरुका लागि विशेष निर्देशन**

समावेशी समूहतर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवाहरुले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरु तयार गरी दरखास्त दिनुपर्दछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ । उल्लेखित कागजातहरु दरखास्त दिने समयमा कायम रहेको नपाइमा जुनसकै बखत दरखास्त रद्द हुन सक्नेछ ।

(क) आदिवासी/जनजातिका हकमा : नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ख) <u>मधेसीका हकमा :</u> नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

(ग) <u>दलितका हकमा :</u> राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(घ) <u>अपाङ्गका हकमा</u> : समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको बर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र ।

(ङ) <u>पिछडिएको क्षेत्रका हकमा :</u> निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) को स्पष्टिकरण खण्डको (१) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फारम भर्ने दिन भन्दा ३ महिना अगाडी सम्मको सिफारिसको आधारमा ।
स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) मा उल्लेख भएको जिल्लामा विवाह गरी वा बसाइँसराइ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाइँसराइको हकमा छाडेको र गएको स्थानीय तह/निकायको बसाइँसराइ गरेको खुल्ने कागजात ।

**द्रष्टव्य:**

(क) अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ । दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

(ख) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन हुनपूर्व रा.प.अनं. द्वितीय श्रेणी वा सो सरहको पदमा कार्यरत निजामती कर्मचारी यस विज्ञापनमा उम्मेदवार हुन पाउने छैनन् ।

(ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(घ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन ।

(ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको स्थायी प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(च) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ ।
*तर नेपालका विश्वविद्यालयहरुबाट निर्धारित शैक्षिक योग्यता पुरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरुले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन सम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरुको हकमा, यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन भित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भईसकेको रहेछ र सो पुष्ट्याई हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अविधि भित्र उक्त उपाधिको सबै परीक्षाहरु उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पुरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्कपत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पुरा भएको मानिनेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ ।*

(छ) उम्मेदवारले अनलाइन दरखास्त पेश गर्दा आफू उम्मदेवार हुने किसिम र सेवा समूहको क्लष्टरमा अनिवार्य रुपले संकेत गर्नुपर्नेछ ।

(ज) विज्ञापन नम्बर र परीक्षा केन्द्र एक पटक छनौट गरिसकेपछि पुनः संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नं. र परीक्षा केन्द्रहरु छनौट गर्नुपर्नेछ ।

(झ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

(ञ) दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्बन्धी विवरण अनलाइन फाराम भर्ने क्रममा हेर्न सकिने छ ।

(ट) पाठ्यक्रम आयोगको वेब साइट www.psc.gov.np बाट प्राप्त गर्न सकिनेछ ।



योग्यता, निष्पक्षता, स्वच्छता
Public Service Commission, Nepal